# धुर्कोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बर्वोट, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

### धुर्कोट गाउँपालिका क्षेत्र भित्रबाट ढुङ्गा, गिट्टी, बालुवा लगायत नदीजन्य पदार्थ र कवाडीजन्य वस्तु निकासी कर असुल गर्ने सम्बन्धी

### बोलपत्र आह्वानको सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/०५/१०**

यस धुर्कोट गाउँपालिकाबाट आर्थिक वर्ष ०७८/७९ को अवधिका लागि स्थानीय सरकार संचालनका सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन २०७४ को दफा ११ घ (६), स्वीकृत प्रारम्भिक वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन र धुर्कोट गाउँपालिकाको निर्णय बमोजिम तपशिल बमोजिमको स्थानहरुमा ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थ र कवाडीजन्य वस्तुको निकासी कर संकलन गर्न ठेक्का बढाबढद्वारा बन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले तपशिल बमोजिमका शर्तको अधिनमा रहि शिलवन्दी बोलपत्र पेश गर्नुहुन सुचित गरिन्छ ।

१. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र बोलपत्र फारम यस कार्यालयमा सम्बन्धित आपूर्ती कर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अध्यावधिक /नविकरण गरेको संस्था वा कम्पनी दर्ताको प्रमाणीत प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ताको प्रमाणपत्र, आर्थिक वर्ष ०७६/७७ को कर चुक्ता गरेको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र निर्माण व्यवसायीको हकमा निर्माण व्यवसायी इजाजतपत्र, नियमानुसार उल्लेखित बोलपत्र दस्तुर बुझाएको रसिद वा धुर्कोट गाउँपालिकाको सनराईज बैंक लि. बर्वोट, गुल्मीमा रहेका धुर्कोट गाउँपालिका ग.१.१. आन्तरीक राजश्व खाता **०९१०५०१३०७७०३००७** को बैंक भौचर (पछि फिर्ता नहुने गरी) निवेदन साथ संलग्न राखि माग गरेपछि नियमानुसार छुट्टाछुट्टै बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

२. शिलबन्दी बोलपत्र १६ औं दिनको दिउसो १२ बजे सम्म कार्यालयमा पेश गरि सक्नु पर्नेछ ।

३. बोलपत्र साथ आफुले कबुल गरेको अङ्कको ५ प्रतिशत धरौटी धुर्कोट गाउँपालिकाको सनराइज बैंक लि. बर्वोट, गुल्मीमा रहेको धरौटी खाता नं. ०९१०५०१३०७७०१००२ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्ने छ । साथै बैंक ग्यारेन्टीलाई समेत मान्यता दिइने छ ।

४. तोकिएको समय भित्र पेश भएका वोलपत्र सोही दिनको दिउसो २ बजे कार्यालयमा खोलिने छ ।

५. स्वीकृत कवोल गरेको रकम तीन किस्ता गरि बुझाउनुपर्नेछ । पहिलेनै एक मुष्ठ बुझाउन चाहेमा आफुले कबोल गरेको अङ्कको १० प्रतिशतले हुने रकम छुट दिईनेछ ।

६. कबोल गरेको रकम अङ्क र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

७. बोलपत्र स्वीकृत भएपछि ठेक्का सम्झौता पूर्व प्रथम किस्ता बापत २५ प्रतिशत रकम दाखिला गर्नु पर्ने छ । अन्य किस्ताको धितो बापत बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) बनाइ पेश गर्नुपर्ने छ । रित नपुगि वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

८. नियमानुसार लाग्ने सम्पूर्ण कर निर्माण व्यवसायी स्वयंले व्यहोर्नु पर्नेछ ।

९. नेपाल सरकार र धुर्कोट गाउँपालिकाले समय समयमा दिइएको नीति निर्देशन तथा आदेशको पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ । कुनै कारण जनाई वा निजलाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार धुर्कोट गाउँपालिकामा निहित रहनेछ ।

१०. ठेक्का कबोल गर्ने ठेकेदारले गाउँपालिकाले तोकेको कर उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई यस कार्यालबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरेको रसीदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कार्वाही गरिनेछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

# धुर्कोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बर्कोट, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल


११. धुर्कोट गाउँपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका फर्महरुको दरभाउ पत्र स्वीकृत हुने छैन ।

१२. ठेक्का मुल्यांकन गर्दा मूल्य अभिवृद्धि कर (VAT) बाहेकको अंकलाई आधार मानिनेछ । दरभाउ सम्बन्धी सूचना यस कार्यलयको सूचना पाटीमा पनि हेर्न सकिने छ ।

१३. निकासीका अन्य शर्तहरु सम्झौताका बखत निर्धारण हुनेछ ।

१४. यस सूचनामा नपरेका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**१५. अन्य थप जानकारीको लागि ९८५७०६७९१७, ९८४७५७३५५०, ९८४७३०५४५१ मा सम्पर्क गर्न सक्नुहुनेछ ।**

| ठेक्का नं. | माल वस्तुको विवरण | न्युनतम अङ्क ( मू.अ.कर. बाहेक) | फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ०१/०७८/७९ | छल्दी खोला हुलाके देखि सिमलटारी सम्म धुर्कोट गा.पा. क्षेत्रमा पर्ने छल्दी खोला र विभिन्न खोलाहरुको बगरबाट ढुंङ्गा, गिट्टी, बालुवा आदिको निकासी कर | रु. १५,६३,०००।- | रु.१,०००।- | |
| ०२/०७८/७९ | पनाहा खोला कपासे देखि ठुल्दीसम्म धुर्कोट गा.पा. क्षेत्रमा पर्ने पनाहा खोला र विभिन्न खोलाहरुको बगरबाट ढुंङ्गा, गिट्टी, बालुवा आदिको निकासी कर | रु. ३,५०,०००।- | रु.१,०००।- | |
| ०३/०७८/७९ | पनाहा खोला ठुल्दी देखि जुरेढुङ्गा सम्म धुर्कोट गा.पा. क्षेत्रमा पर्ने पनाहा खोला र विभिन्न खोलाहरुको बगरबाट ढुंङ्गा, गिट्टी, बालुवा आदिको निकासी कर | रु. ५,९०,०००।- | रु.१,०००।- | |
| ०४/०७८/७९ | पनाहा खोला जुरेढुङ्गा देखि वडाचौर सम्म धुर्कोट गा.पा. क्षेत्रमा पर्ने पनाहा खोला र विभिन्न खोलाहरुको बगरबाट ढुंङ्गा, गिट्टी, बालुवा आदिको निकासी कर | रु. १,९४,०००।- | रु.१,०००।- | |
| ०५/०७८/७९ | धुर्कोट गाउँपालिका क्षेत्र भित्रका फलाम , शिशा, कागजात लगायतका कवाडी जन्य अन्य वस्तुहरुको निकासी कर | रु. १,००,०००।- | रु.१,०००।- | |

नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत